# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण ३

### सबै समुदायको मानव अधिकारको सम्मान गर्न आग्रह

२०७३ श्रावण १ गते शनिबार अंग्रेजी राष्ट्रिय दैनिक पत्रिका रिपब्लिकामा प्रकाशित सम्पादकीयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालमा आतंकवादको सम्भावनालाई कुनै खास धार्मिक समुदायप्रति लक्षित गरी सम्पादकीयमा व्यक्त धारणाले देशमा धार्मिक सहिष्णुता एवं सामाजिक सद्भावमा नकारात्मक प्रभाव पर्न सक्दछ । नेपालमा अल्पसंख्यक धार्मिक समुदायको रुपमा रहेको समुदायको मदरसा शिक्षा प्रणाली तथा वैदेशिक रोजगारमा जाने मुस्लिम समुदायका आप्रवासी कामदारलाई समेत लक्षित गरी आतंकवादसँग जोड्ने आशय प्रकट हुने भ्रमपूर्ण अभिव्यक्ती आउनु दुःखद विषय हो ।

नेपालको संविधानले धर्म निरपेक्षता तथा धार्मिक स्वतन्त्रता प्रत्याभूत गरिसकेको सन्दर्भमा यस किसिमका विचारहरु सम्प्रेषण हुनु मानव अधिकार र सामाजिक सद्भाव एवं शान्तिको दृष्टिकोणबाट संवेदनशील देखिन्छ ।

व्यक्तिगत स्वतन्त्रता र सामाजिक सद्भावमा आँच आउने ढङ्गबाट कुनैपनि विषयलाई हरेक संस्थाले जिम्मेवारीपूर्वक लिन तथा मानव अधिकारको सम्मान र संरक्षणका लागि सामाजिक सद्भावमा खलल् पुर्‍याउने खालका धारणाहरु सार्वजनिक नगर्न, नगराउन आयोग सम्बद्ध सबै पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org